PUBLIC POLICY PATHSHALA
POLICY THINK TANK: RESEARCH, POLICY DIALOGUE, PUBLICATION, ADVOCACY, CAMPAIGN
नीति पत्र
JANUARY 2019
www.policypathshala.org.np

# संविधान, जनस्वास्थ्यका चुनौती र जनस्वास्थ्य सेवा ऐन कार्यान्वयनको सवाल

## सारांश

*जनस्वास्थ्य भन्नाले समाज, संस्था, जनसमुदाय र व्यक्तिको सुसंगठित प्रयास र सूचित छनौटको माध्यमबाट रोग निवारण गर्ने, आयु लम्ब्याउने र मानव स्वास्थ्यको प्रबर्द्धन गर्ने विज्ञान र कलालाई बुझाउँछ ।*

*- Winslow, Charles-Edward Amory (1920)*

नेपालको संविधानले स्वास्थ्यको हकलाई व्यापक र विस्तृत रूपमा लिपिवद्ध गरेको छ । संविधानको धारा ३५ मा स्वास्थ्यको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ भने खाद्य, पानी, वातावरण, प्रजनन स्वास्थ्य लगायतका थुप्रै जनस्वास्थ्यसँग जोडिएका विषयहरू समेत मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । संविधान जारी भएको ३ वर्ष भित्र मौलिक हक सम्बन्धि कानून बनाईसक्नु पर्ने संवैधानिक व्यवस्था अनुसार संघीय संसदमा नेपाल सरकारले 'जनस्वास्थ्य ऐन'को विधेयक पेश गरि २०७५ असोज २ गते उक्त ऐन पारित गरि जारी भएको छ । छोटो समयमा पर्याप्त छलफल हुन नसके तापनि जनस्वास्थ्य सेवा ऐनले स्वास्थ्यका थुप्रै विषय समेटेको छ । हालसम्म स्वास्थ्य क्षेत्रसँग सम्बन्धित थुप्रै ऐन, कानून, नीति नियमहरू विद्यमान भएपनि जनस्वास्थ्यसँग जोडिएका यावत विषयलाई व्यापक र एकीकृत रूपमा समेट्ने ऐनको अभाव थियो । विभिन्न कानूनमा छरिएर रहेका प्रावधानले गर्दा जनस्वास्थ्यका पछिल्ला चुनौतिलाई सम्बोधन गर्नेगरि प्रभावकारी रूपमा स्वास्थ्य प्रणालीको विकास हुन सकेको थिएन । ऐन बनेसँगै जनस्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा यसले थुप्रै अवसरका ढोकाहरू खोलेको छ भने कार्यन्वयमा चुनौति समेत थपेको छ । जनस्वास्थ्य ऐन कार्यन्वयनका लागि संघीय सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ । स्वास्थ्य सेवाको निरन्तरता र गुणस्तरीयताको लागि संघीय सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई स्वास्थ्य सम्बन्धी नीति निर्माण क्षमता, नियमन क्षमता र सेवा-व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने समन्वयकारी र नियमनकारी भूमिका अंगाल्न सकेमात्र संविधान र जनस्वास्थ्य ऐनको सफल कार्यान्वयन सम्भव छ ।

लामो समयदेखि बहसमा रहेको जनस्वास्थ्य सेवा ऐन मस्यौदा निर्माणको विभिन्न चरणमा भएका छलफलहरू र संसदमा विधेयक पेश भइसकेपश्चात पाठशालाले सरोकारवाला तथा विज्ञहरूसँग छलफल गरि आएका सुझावहरूबाट विधेयकमा समेट्नुपर्ने विषयलाई सम्बन्धित निकाय र सांसदहरू समक्ष प्रदान गरेको थियो ।

जनस्वास्थ्य ऐन जारी भएसँगै पाठशालाले स्थानीय सरकार सवलीकरण कार्यक्रम अन्तर्गत द एसिया फाउन्डेसनसँगको सहकार्यमा यस क्षेत्रका विज्ञहरू, सरकारका अधिकारीहरू, विकास साझेदार संस्थाका प्रतिनिधिहरू, ऐन मस्यौदामा संलग्न व्यक्तिहरू, संसदको शिक्षा र स्वास्थ्य समितिका सदस्यहरू, पूर्व मन्त्रीहरू लगायतको उपस्थितिमा जनस्वास्थ्य नीति संवाद (Policy Dialogue on Public Health) आयोजना गरेको थियो । उक्त नीति संवाद कार्यक्रममा सम्बन्धित सरोकारवाला



निकायका प्रतिनिधि र विज्ञहरूबाट उठेका सवाललाई समेत समेटेर जनस्वास्थ्य सेवा ऐनले समेटेका विषय, ऐन कार्यन्वयनका सन्दर्भमा देखिने चुनौति, ऐनले खोलेका अवसरहरू, संविधानले स्वास्थ्य सेवाका सन्दर्भमा गरेको प्रबन्ध र संविधानको भावना अनुरूप संघीय संरचनामा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि जनस्वास्थ्य सेवा ऐन कार्यन्वयनमा तीनवटै तहका सरकारहरू, विकास साझेदार संस्था, नीति निर्माता र अन्य सरोकारवालाहरूले तय गर्नुपर्ने प्राथमिकताहरूमा केन्द्रित रही पब्लिक पोलिसी पाठशालाले यस नीति-संक्षेप तयार पारेको हो ।

# १. पृष्ठभूमिः संविधान, संघीयता र स्वास्थ्य

## १.१ संविधान र स्वास्थ्यः

स्वास्थ्यको अधिकार भनेको प्रत्येक व्यक्ति बढीभन्दा बढी स्वस्थ रहने वातावरणको प्रत्याभूति हो । स्वास्थ्यको अधिकारलाई कतिपय राष्ट्रहरूले जीवनको अधिकारकै भागको रूपमा अभ्यास गरेको पाइन्छ भने पछिल्ला संविधानहरूमा यसलाई छुट्टै हकको रूपमा व्यवस्था गरेको देखिन्छ । नेपालको सन्दर्भमा पनि पहिलो पटक नेपालको अन्तरिम संविधान २०६३ ले स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको थियो ।

नेपालको संविधान (२०७२) ले विस्तृत र व्यापक रूपमा स्वास्थ्यको हकलाई प्रत्याभूत गरेको छ । संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने, सवै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच हुने, प्रत्येक नागरिकलाई आफ्नो उपचार सम्बन्धमा जानकारी पाउने हक हुने र स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको व्यवस्था गरेको छ । त्यस्तै संविधानको धारा ३० ले स्वच्छ वातावरणको हक, धारा ३६ ले खाद्य सम्बन्धि हक, धारा ३८ ले महिलाको हक अन्तर्गत सुरक्षित मातृत्व र प्रजननको हक, धारा ३९ वालवालिकाको हक अन्तर्गत स्वस्थ पालन पोषण र स्याहारको हक, धारा ४० ले दलितको हक अन्तर्गत स्वास्थ्य र सामाजिक सुरक्षा, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४२ सामाजिक न्यायको हक र धारा ४४ ले गूणस्तरीय सेवा पाउने हक सुनिश्चित गरेको छ । यसरी ब्यापक रूपमा उल्लेखित हकहरू संविधानको धारा ४७ अनुसार संविधान जारि भएको ३ वर्षभित्र अर्थात २०७५ असोज ३ गते भित्रमा कानून बनाएर कार्यन्वयन गर्नुपर्ने सवैधानिक व्यवस्था बमोजिम संघीय संसदले जनस्वास्थ्य सेवा ऐन २०७५ तर्जुमा गरि जारी गरेको छ ।

विश्व स्वास्थ्य संगठनले स्वास्थ्यको अधिकारलाई 'केवल स्वस्थ रहनु, रोग नलाग्नु वा विसन्चो नहुन मात्र होइन, बरू व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक रूपमा राम्रो अवस्था नै स्वास्थ्य अवस्था हो' भन्ने मान्यताका आधारमा नै स्वास्थ्यको अधिकारलाई व्यक्तिको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ । स्वास्थ्य सेवाको उपलब्धता, पहुँच, स्वीकार्यता र गुणस्तरीयता स्वास्थ्य सम्बन्धि अधिकारका महत्वपूर्ण पक्षहरू हुन । स्वास्थ्य सम्बन्धि अधिकारले मूलतः मातृ शिशु तथा प्रजनन स्वास्थ्य, रोगव्याधिको रोकथाम, उपचार र नियन्त्रण, स्वच्छ स्वस्थ तथा सुरक्षित कार्यस्थल, स्वास्थ्य सुविधा तथा सेवाको अधिकारलाई समेट्ने गर्दछ । यसका साथै स्वास्थ्यको अधिकार सुनिश्चित हुन खाद्य र पोषण, आवास, स्वच्छ पिउने पानी तथा उचित सरसफाई एवं स्वस्थकर वातावरण हुनु पनि उत्तिकै आवश्यक हुन्छ भन्ने मान्यता पछिल्ला दिनहरूमा विकसित हुँदै गएको छ । त्यसै अनुरूप नै नेपालको संविधानमा स्वास्थ्यको विषयलाई वृहत्तर रूपमा लिपिवद्ध गरेको छ ।

### धारा ३५ स्वास्थ्य सम्बन्धि हक

१. प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।
२. प्रत्येक नागरिकलाई आफ्नो उपचार सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।
३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच हुनेछ ।
४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ ।

राज्यको नीतिमा, जनस्वास्थ्यमा लगानी वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य क्षेत्रमा राज्यको लगानी वृद्धि गर्ने, परम्परागत चिकित्सा पद्दतिको संरक्षण र प्रवर्दधन गर्ने, लगायतका विषयहरू उल्लेखित छन । त्यस्तै नेपाल स्वास्थ्य नीति, २०७१ तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति सन् २०१५-२०२० र दीगो विकास लक्ष्यले समेत गुणस्तरीय सेवा विस्तारमा जोड दिएको छ । संविधानले मार्ग निर्देश गरे अनुरूप विद्यमान स्वास्थ्य, नीति, रणनीति, योजना तथा थुप्रै ऐन नियम कानूनहरू परिमार्जन र निर्माण गर्नुपर्ने अवस्था छ ।

### १.२ संघीय संरचना र स्वास्थ्यः

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । संविधानले तीन तहको अधिकारको सूची संविधानको अनुसूचीमा नै उल्लेख गरेको छ । संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमशः अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीयतहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरेको छ । जसअनुसार आधार भूत स्वास्थ्यको अधिकार स्थानीय तहको अधिकारक्षेत्रभित्र रहेको छ भने स्वास्थ्यलाई तीनवटै सरकारको अधिकारमा लिपिवद्ध गरेको छ ।

संविधानको अनुसूची ५ मा उल्लेखित संघको अधिकार सूची अन्तर्गत ‘स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण’ को विषयहरू समावेश छन् । सूची अनुसार स्वास्थ्य तथा पोषणसम्बन्धी राष्ट्रिय नीति, कानून, गुणस्तर मापदण्ड, योजना र नियमन, राष्ट्रिय स्तरमा स्वास्थ्य सेवाको विकास र प्रवर्द्धधन, स्वास्थ्यसम्वन्धी

#### स्थानीय तहको स्वास्थ्य सम्बन्धि अधिकारः
#### झ. आधारभूत स्वास्थ्य तथा सरसफाई

१. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धि नीति, मापदण्ड, योजनाको तर्जुमा, कार्यन्वयन तथा नियमन,
२. आधारभूत स्वास्थ्य प्रजनन स्वास्थ्य र पोषण सेवाको संचालन र प्रवर्द्धन,
३. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र संचालन
४. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
५. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायू ध्वनिको प्रदुषण नियन्त्रण र नियमन
६. सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरको व्यवस्थापन
७. स्वास्थ्य जन्य फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन, सोको सेवा शुल्क निर्धारण र नियमन
८. रक्तसंचार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा संचालन
९. औषधि पसल संचालन, अनुमति, अनुगमन र नियमन
१०. सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीक
११. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धि सेवा संचालन, अनुमति, अनुगमन तथा नियमन
१२. महिला तथा बालबालिकाको कुपोषण न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन

प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको मापदण्ड निर्माण र नियमन, अस्पताल एवं स्वास्थ्य संस्था प्रत्यायन (Accreditation), राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पतालको दर्ता, सञ्चालन अनुमति, भौतिक पूर्वाधार, व्यवस्थापन र नियमन, स्वास्थ्य सम्वन्धी सन्धि-संभौता तथा विकास साभेदारसँगको सम्पर्क, समन्वय र सहकार्य, सरूवा तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्वन्धी नीति तथा मापदण्ड निर्धारण लगायतका राष्ट्रिय नीति तथा मापदण्डहरूको निर्धारण संघीय सरकारले गर्नुपर्ने हुन्छ । संविधानको अनुसूची ९ मा उल्लेखित साभा अधिकारको सूचीमा समेत स्वास्थ्यलाई राखेको छ । जसअनुसार स्वास्थ्य सम्वन्धि विभिन्न राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण तथा नियमन गर्ने विषय संघको अधिकारक्षेत्र भित्र लिपिबद्ध गरेको छ ।

संविधानको अनुसूची ६ मा उल्लेखित प्रदेशको अधिकार सूची अन्तर्गत स्वास्थ्य सेवा रहेको छ भने संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाईलाई उल्लेख गरेको छ । संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार सूची अन्तर्गत रहेको आधारभूत स्वास्थ्य र सरसफाई र अनुसूची ९ मा रहेको संघ प्रदेश र स्थानीय तहको साभा अधिकार सूची अन्तर्गत स्वास्थ्य सेवा रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ले यी अधिकारलाई सूचीवद्ध गर्दै सो सम्बन्धि स्थानीय नीति, कानून, नियम, मापदण्ड र कार्यविधि बनाउने र कार्यन्वयन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । जनस्वास्थ्य सेवा ऐन २०७५ले यी विषयहरूलाई प्रष्टताका साथ लिपिवद्ध गर्ने प्रयास गरेको छ ।

## २. जनस्वास्थ्य सेवा ऐन २०७५: आवश्यकता र कार्यन्वयनको सवाल

### २.१. जनस्वास्थ्य ऐनको आवश्यकता:

प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच हुने संवैधानिक हक कार्यान्वयनका लागि आवश्यक थुप्रै ऐन नियम र कानूनको तर्जुमा, विद्यमान कानूनहरूको संशोधन र आवश्यक नीति निर्देशिका र कार्यविधिहरू बनाउनुपर्ने आवश्यकता छ ।

- संविधानतः मौलिक हकमा उल्लेखित विषयहरू सम्बन्धि कानून संविधान जारि भएको ३ वर्षभित्र बनाउनैपर्ने बाध्यात्मक व्यवस्था थियो । त्यसै अनुरुप संघीय संसदले मौलिक हकसँग सम्बन्धित जनस्वास्थ्य सेवा ऐन समय सीमाभित्रै तर्जुमा गरेको छ ।
- स्वास्थ्यसँग सम्बन्धित विषयमा स्वास्थ्यको हक बाहेक खाद्य गुणस्तर, पानीको गुणस्तर, वायूप्रदुषण, कार्यस्थलको सुरक्षा, सडक सुरक्षा, वातावरण संरक्षण, महामारी विपद व्यवस्थापन लगायतका थुप्रै विषयहरू स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका छन । जसको सुनिश्चितता गर्ने गरि समयमै कानून निर्माण गर्नुपर्ने थियो ।
- स्वास्थ्य सम्बन्धि विद्यमान कानूनहरू हेर्ने हो भने विशेषत स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन, स्वास्थ्य परिषदहरू, स्वास्थ्य प्रतिष्ठानहरू, अस्पताल संचालन, रोग नियन्त्रण, उत्पादन र बिक्रि वितरण नियन्त्रण, मानव अङ्ग र औषधि लगायतका विषयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधिहरू विद्यमान छन तर ती विद्यमान कानूनहरूले व्यापक र एकीकृत रूपमा जनस्वास्थ्य सम्बन्धि सबै विषयलाई समेट्न भने सकेका थिएनन् ।

- जनस्वास्थ्यसँग सम्बन्धित विषय भईकन पनि फोहोरमैला, खाद्यान्न, खाने पानी, सडक सुरक्षा, वायू र वातावरण लगायतका विषयहरू मूलत स्वास्थ्यसँग भन्दा पनि पृथक ढङ्गले कानूनी प्रबन्ध गरेको अबस्था थियो । सुर्ती, मदिरा नियमन र नियन्त्रण लगायतका विषयमा छुट्टै ऐन विद्यमान छन भने प्रजनन स्वास्थ्यको विषयमा ऐन बन्न सकेको थिएन । समग्रमा जनस्वास्थ्य सरोकारको विषयमा लामो समयदेखि प्रयास भएर पनि एकीकृत जनस्वास्थ्य ऐन बन्न सकेको थिएन ।
- जनस्वास्थ्यका विषयलाई एकीकृत रूपमा हेर्न नसक्दा पछिल्ला वर्षहरूमा बढ्दो नसर्ने रोगको चाप हुँदा हुँदैपनि त्यसको प्रत्यक्ष सरोकार रहेको स्वास्थ खानपान र जीवनशैलीसँग सम्बन्धित क्षेत्रमा प्रभावकारी कार्यक्रम, नियमन र व्यवस्थापन हुन सकेको थिएन ।
- स्वास्थ्य संस्थाको संचालन र नियमन, स्वास्थ्य सेवाप्रवाहको पहुँच र गुणस्तर नियमन, जनशक्तिको व्यवस्थापन लगायतका क्षेत्रहरूमा समेत प्रभावकारी व्यवस्थापन हुन नसकेको अवस्था थियो ।
- संविधानको भावना अनुरुप देश संघीय स्वरूपमा रूपान्तरण हुँदै गरेको सन्दर्भमा संघीय नेपालमा स्वास्थ्य सेवा स्थानीय, प्रादेशिक र केन्द्रीय तहको दायित्व अन्तर्गत समेत रहेको अवस्थामा स्वास्थ्य सेवाको विकास र विस्तार गर्दैगर्दा संघीय ढाँचामा समेत मिल्ने गरी विद्यमान स्वास्थ्य सेवा प्रणाली तथा संरचनाहरूको पनि हेरफेर गर्न कानूनी प्रबन्ध गर्नुपर्ने आवश्यक थियो ।
- संविधानले आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने र सो सेवा प्रवाहको दायित्व स्थानीय सरकारमा रहेको सन्दर्भमा आधारभूत स्वास्थ्य सेवालाइ कानूनी रूपमा परिभाषित गर्दै त्यसको सुनिश्चितताका लागि नीतिगत, संरचनागत र व्यवस्थापकीय प्रबन्ध गर्न समेत कानूनी व्यवस्था गर्नुपर्ने थियो ।

**लामो समयदेखि प्रयास भएर पनि जनस्वास्थ्य सम्बन्धि एकीकृत ऐन बन्न सकेको थिएन । जनस्वास्थ्यका विषयलाई एकीकृत रूपमा हेर्न नसक्दा पछिल्ला बर्षहरूमा जनस्वास्थ्य क्षेत्रमा प्रभावकारी कार्यक्रम, नियमन र व्यवस्थापन हुन सकेको थिएन ।**

यी आवश्यकता र संविधानले गरेको व्यवस्थालाई कार्यन्वयन गर्न तथा समग्र स्वास्थ्य क्षेत्रलाई एकीकृत रूपमा हेर्न जनस्वास्थ्य सेवा ऐनको अपरिहार्यता थियो ।

## २.२ जनस्वास्थ्य ऐनले समेटेका विषयहरू:

लामो समयदेखि छलफलमा रहेर पनि जनस्वास्थ्यका विषयहरूलाई समग्रतामा हेर्ने गरि एकीकृत ऐन बन्न सकेको थिएन । संविधानले विस्तृत रूपमा प्रत्याभूत गरेका निःशुल्क आधारभूत स्वास्थ्य सेवा लगायत स्वास्थ्यसँग सम्बन्धित हकहरू कार्यन्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न एकीकृत ऐनको आवश्यकता महशुस गरि संघीय संसदले २०७५ असोज २ गते जनस्वास्थ्य सेवा ऐन २०७५ पारित गरि कार्यन्वयनमा ल्याएको छ । ऐनले प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँचको सुनिश्चितता गरेको छ ।

## ऐनले समेटेका केही विषयहरूः

| विषय | सम्बन्धित दफा |
|---|---|
| स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितताः निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक सम्बन्धी | दफा ३ |
| आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी | दफा ४ |
| विशेषज्ञ सेवा सम्वन्धी | दफा ५ |
| प्रेषण सेवा सम्वन्धी | दफा ६ |
| गुणस्तरीय सेवाको व्यवस्था | दफा ७ |
| सेवाग्राहीको कर्तव्य सम्वन्धी | दफा ८ |
| स्वास्थ्य संस्थाको दायित्व सम्वन्धी | दफा १६ |
| स्वास्थ्य संस्था स्थापना र संचालन सम्वन्धी, इजाजत लिनुपर्ने व्यवस्था | दफा २१-२२ |
| नियमन, गुणस्तर मापन तथा अनुगमन सम्वन्धी | दफा २७ |
| स्वास्थ्य वित्त र सामाजिक सुरक्षा सम्वन्धी | दफा २८ |
| औषधि सम्बन्धि व्यवस्था | दफा २९ |
| वैदेशिक उपचार वापत खर्च उपलब्ध नहुने व्यवस्था | दफा ३० |
| विस्तारित अस्पताल सेवा सम्वन्धी | दफा ३१ |
| आकस्मिक स्वास्थ्य उपचार कोष सम्वन्धी | दफा ३३ |
| रक्तसंचार सेवा सम्वन्धी | दफा ३४ |
| एम्बुलेन्स र शव वाहन सम्बन्धी | दफा ३७ |
| उपभोग्य वस्तुको गुणस्तर सम्वन्धी | दफा ३९ |
| ध्वनि र वायु प्रदुषण सम्वब्धी | दफा ४० |
| सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी | दफा ४१ |
| जनस्वास्थ्य मैत्री आवास, यातायात र सडक पुर्वाधार र सुरक्षा सम्वन्धी | दफा ४२ |
| उद्योग र शहरीकरण सम्वन्धी | दफा ४३ |
| जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षा सम्वन्धी | दफा ४४ |
| जनस्वास्थ्यलाई प्रभावित गर्ने विज्ञापन प्रचार प्रसारमा रोकको व्यवस्था | दफा ४५ |
| लक्षित समूहको लागि विशेष सामाजिक सुरक्षा सम्वन्धी | दफा ४७ |
| आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन सम्वन्धी | दफा ४८ |
| संक्रामक रोगको रोकथाम सम्बन्धी | दफा ४९ |
| राष्ट्रिय जनस्वास्थ्य समिति सम्वन्धी व्यवस्था | दफा ५० |
| नियम, मापदण्ड,निर्देशिका र कार्यविधि बनाउने व्यवस्था | दफा ६३-६४ |

### नि:शुल्क आधारभूत स्वास्थ्य सेवाः

प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरू नि:शुल्क प्राप्त हुने हक बमोजिम जनस्वास्थ्य सेवा ऐनले ती सेवालाई परिभाषित गरेको छ । जनस्वास्थ्य सेवा ऐन वमोजिम नेपाल सरकारले निर्धारित गरेका आधारभूत स्वास्थ्य सेवाहरूको आर्थिक दायित्व संघीय सरकारको रहनेछ । ती सेवामा आवश्यकता अनुरूप प्रदेश र स्थानीय सरकारले थप गर्न सक्ने र त्यसरी थप गरेका सेवाको आर्थिक व्ययभार सम्बन्धित सरकारले व्यहोर्नुपर्नेछ । स्थानीय तहले प्रदेश तथा संघ अन्तर्गत संचालित स्वास्थ्य संस्थाको साझेदारीमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ ।

#### नि:शुल्क आधारभुत स्वास्थ्य सेवा

क. खोप सेवा

ख. एकिकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

ग. सरूवा रोगसम्बन्धी सेवा

घ. नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्ति सेवा

ङ. मानसिक रोग सम्बन्धि सेवा

च. जेष्ठ नागरिक स्वास्थ्य सम्बन्ति सेवा

छ. सामान्य आकस्मिक अवस्थाका सेवा

ज. स्वास्थ्य प्रवर्द्धन सेवा

झ. आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य से वा

ञ. नेपाल सरकाले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा

### आकस्मिक स्वास्थ्य सेवाः

प्रत्येक स्वास्थ्य संस्थाले तोकिएबमोजिमको आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने र कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध हुन नसकेमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार सेवा प्रदान गरि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्ने व्यवस्था जनस्वास्थ्य सेवा ऐनले गरेको छ ।

### गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितताः

प्रत्येक नागरिकलाई स्वास्थ्यसंस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नेपाल सरकारले आवश्यक नीति मापदण्ड निर्धारण गरि संघ, प्रदेश र स्थानीय तहले तोकिएको मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरि आवश्यक जनशक्ति, पुर्वाधार र उपकरणको व्यवस्था मिलाउनुपर्ने व्यवस्था ऐनले गरेको छ । त्यसको लागि स्वास्थ्य संस्थाको तहगत संरचना र प्रदान गर्ने सेवा, स्वास्थ्य संस्था र सेवाको मापदण्डको निर्धारण संघीय मन्त्रालयले तोक्नेछ ।
गुणस्तरीय सेवा प्रवाहको लागि संघ, प्रदेश र स्थानीय सरकारले निजी तथा गैरसरकारी संस्थासँग साझेदारी गर्न सक्ने व्यवस्था ऐनले गरेको छ । त्यस्तै शैक्षिक संस्थासँग सहकार्य गरि विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने र विद्यालय स्वास्थ्य सेवाको प्रकृति र मापदण्ड सम्बन्धित प्रदेश तथा स्थानीय तहले तोके बमोजिम हुनेछ । घरघरमा दिइने स्वास्थ्य सेवा प्रदान गर्दा पुरा गर्नुपर्ने प्रकृया र मापदण्ड स्थानीय तहले तोकेबमोजिम हुने व्यवस्था ऐनले गरेको छ ।

### अनुगमन, नियमन सम्बन्धि व्यवस्थाः

स्वास्थ्य संस्था नियमनको लागि एक गुणस्तर नियमन संयन्त्र बनाउने प्राबधान ऐनमा रहेको छ । स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सम्वन्धि मापदण्ड संघीय मन्त्रालयले

बनाउनुपर्ने छ । निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको मापदण्ड, इजाजत तथा नियमनको व्यवस्था नेपाल सरकारले निर्धारण गर्नेछ । स्वास्थ्य संस्थाले तोकिएबमोजिमको इजाजतपत्र लिएर मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ । यस अघि संचालनमा रहेका स्वास्थ्य संस्थाले मन्त्रालयले तोकेको समयभित्र तोकेको मापदण्ड पुरा गर्नुपर्ने अन्यथा स्वत खारेज हुने व्यवस्था समेत ऐनले गरेको छ ।

प्रदेश र स्थानीय तहबाट स्वास्थ्य संस्थालाई इजाजत दिने नवीकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको नियमन तथा अनुगमन गर्ने व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय कानून बमोजिम हुने व्यवस्था रहेको छ । प्रदेश तथा स्थानीय कानून नबनेसम्मको लागि यस ऐन बमोजिम स्वास्थ्य संस्थालाई इजाजत दिने, नविकरण गर्ने अनुगमन र नियमन गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ ।

ऐन कार्यन्वयन गर्न संघ, प्रदेश तथा स्थानीय तहले आवश्यकताको आधारमा तोकिएको मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरि त्यस्ता स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति,प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ । स्वास्थ्य संस्था तथा सेवा सम्बन्धि न्युनतम मापदण्ड मन्त्रालयबाट निर्धारण भए बमोजिम हुने व्यवस्था ऐनले गरेको छ ।

### जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धनः

ऐनले स्वास्थ्य संस्था, उपचार सेवा र औषधि वाहेक जनस्वास्थ्यसँग सम्बन्धि उपभोग्य वस्तुको गुणस्तर, ध्वनि र वायु प्रदुषण, सरसफाई तथा फोहोरमैला व्यवस्थापन, जनस्वास्थ्य मैत्री आवास, सार्वजनिक यातायात र सडक पुर्वाधार तथा सुरक्षा, उद्योग र शहरीकरण, जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षा, जनस्वास्थ्यलाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, जनस्वास्थ्यलाई प्रभावित पार्ने सामाजिक,सांस्कृतिक अन्धविश्वास लगायतका विषयलाइ समेत पहिलोपटक समेट्ने प्रयास गरेको छ । यी सँग सम्बन्धित मापदण्ड निर्धारण, अनुगमन, निरिक्षण र नियमन लगायतका विषयलाई समेत ऐनले समेटेको छ ।

### जनस्वास्थ्य आपतकाल सम्बन्धि व्यवस्थाः

जनस्वास्थ्य ऐनले जनस्वास्थ्य आपतकालको अवस्थाको व्यवस्थापनको सन्दर्भमा व्यवस्था गरेको छ । जनस्वास्थ्य आपतकालमा सरकार, नागरिक, स्वास्थ्यकर्मीको भूमिका के हुने ? आपतकाल कस्तो अबस्थामा लाग्ने र कसले घोषणा गर्ने, जनस्वास्थ्य निरीक्षकले के गर्न पाउने लगायतका विषयहरूलाई ऐनले समेटेको छ । यद्यपि जनस्वास्थ्य आपतकालको अवस्था नियन्त्रण र व्यवस्थापनको लागि आवश्यक संयन्त्र, स्रोत साधन, प्रष्ट प्रकृया र जनस्वास्थ्य अधिकारीलाई थप अधिकार हुने गरि व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संघ, प्रदेश वा स्थानीय तहले स्वास्थ्य संस्था संचालन गर्न इजाजतपत्र दिन सक्नेछन् ।
- प्रदेश र स्थानीय तहबाट स्वास्थ्य संस्थालाई इजाजतपत्र दिने, नविकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको अनुगमन, मुल्याङ्कन ता नियमन गर्ने सम्बन्धि व्यवस्था सम्बन्धित प्रदे श तथा स्थानीय कानून बमोजिम हुनेछ ।
- प्रदेश वा स्थानीय कानून नबनेसम्मको लागि प्रदेश तथा स्थानीय तहले यस ऐन बमो जिम स्वास्थ्य संस्थालाई इजाजतपत्र दिन, नविकरण गर्न, अनुगमन गर्न वा नियमन गर्न सक्नेछन् ।

उपरोक्त विषयहरू वाहेक विशेषज्ञ सेवाको उपलब्धता, प्रेषण प्रणाली, सूचना प्रणाली र अभिलेख, मानव संशाधनको व्यवस्थापन, सेवाग्राहीको अधिकार र कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व, सेवा प्रदायकको कर्तव्य, साझेदारी सम्बन्धि ब्यबस्था, रक्तसंचार सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा, पुर्वाधार व्यवस्थापन, औषधि र उपकरण सम्बन्धि व्यवस्था, जनस्वास्थ्य कोष, राष्ट्रिय जनस्वास्थ्य समन्वय समिति, विपद् व्यवस्थापन, कामदारको स्वास्थ्य सुरक्षा, विदेशमा उपचार गर्दा सरकारले खर्च नव्यहोर्ने प्रावधान, विस्तारित अस्पताल सेवा, लक्षित समुहहरूका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रम लगायतका विषयहरूलाई समेत जनस्वास्थ्य ऐनले लिपिबद्ध गरेको छ ।

संघ, प्रदेश र स्थानीय तहले आपतकालीन स्वास्थ्य योजना विकास गरि लागु गर्नुपर्ने, प्रचलित कानून बमोजिम जनस्वास्थ्य विपद अवस्था घोषणा गर्न सक्ने लगायतका विषय समेत ऐनमा समेटिएका छन । यी विषयहरूमा संघ, प्रदेश र स्थानीय तहले नीति,कानून, मापदण्ड, कार्यविधि र कार्ययोजना बनाई कार्यन्वयन गर्ने व्यवस्था ऐनले गरेको छ ।

## २.३ जनस्वास्थ्य ऐन कार्यान्वयनका सवालः

### १. स्वास्थ्य सेवामा पहुँचको सवालः

संविधान र ऐनले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गरेको छ । नेपालको सन्दर्भमा अझै पनि दुर्गम ठांउका जनता आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचबाट समेत बाहिर छन । नयां संरचना अनुसार बनेका कतिपय वडामा एउटा पनि स्वास्थ्य संरचना छैनन, आधाभन्दा वढी स्थानीय तहमा चिकित्सकीय सेवा प्रदान गर्न प्राथमिक स्वास्थ्य केन्द्र वा प्राथमिक अस्पतालको अभाव छ । थुप्रै स्वास्थ्यसंस्थामा पुर्वाधार र उपकरणको अभाव छ । पुर्वाधार निर्माण प्रकृया शुरू भएका स्वास्थ्य संस्थामा पनि लामो समयसम्म काम पुरा हुन सकेका छैनन । आवश्यक जनशक्ति व्यवस्थापन हुन सकेको छैन । संविधानतः स्थानीय सरकार मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ । स्थानीय तहमा अत्यावश्यक सेवा प्रवाहको लागि समेत आवश्यक पुर्वाधार र जनशक्ति नभइरहेको विद्यमान अवस्थामा ऐनले परिकल्पना गरे अनुरूपका आधारभूत स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आफैमा ठूलो चुनौति छ ।

अर्कोतर्फ संविधानको भावना अनुरूपको स्वास्थ्य सेवा प्रवाहको लागि संरचना पनि त्यही अनुरूपको हुनु आवश्यक छ । विद्यमान स्वास्थ्य संरचनाले आउने जनस्वास्थ्यका चुनौति सामना गर्न सक्दैन । संघीय संरचना अनुरूप आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताको लागि स्थानीय सरकारलाई स्रोत साधनमा थप मजवुत बनाउदै स्वास्थ्य सेवाको पहुँचको सुनिश्चित गर्न आवश्यक छ ।

### २. स्वास्थ्य सेवाको गुणस्तर र नियमनको सवालः

पहुँच, सुलभता र गुणस्तर स्वास्थ्यका तीन महत्त्वपूर्ण मुद्धा हुन । जनस्वास्थ्य ऐनले प्रत्येक नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको हक सुनिश्चित गरेको छ । वितेका दशकहरूमा पहुँचमा केही हदसम्म नेपालले प्रगति गरेको छ तर प्रयाप्त छैन । अर्कोतर्फ भएको सेवामा पनि गुणस्तर कमजोर छ । गुणस्तर विनाको पहुँच जोखिमपुर्ण हुन्छ । त्यसैले संरचना र पहुँचसँग अव गुणस्तर तर्फ केन्द्रित हुनुपर्ने अवस्था छ । पर्याप्त पहुँच नै पुग्न नसकिरहेको अवस्थामा जनस्वास्थ्य सेवा ऐनले सुनिश्चित गरेजस्तै गुणस्तरीय सेवामा नागरिकको पहुँच पुर्यानउने विषय ठुलो चुनौति हो ।

त्यस्तै विद्यमान स्वास्थ्य संरचना र सेवाको गुणस्तरीयताको प्रभावकारी नियमन हुन नसकिरहेको अवस्थामा संघीय संरचनामा थप प्रभावकारी ढङ्गले नियमन गर्ने संयन्त्र र व्यवस्थापन अर्को चुनौति छ । अहिले पनि थुप्रै स्वास्थ्य संस्था नियमनको दायरामा आउन सकेका छैनन् । सेवा र गुणस्तरको एकीकृत मापदण्ड बन्न सकेको छैन । ऐनमा गुणस्तरको मापदण्ड नेपाल सरकारले बनाउने उल्लेख छ । ऐनले स्वास्थ्य संस्थाको सेवा र गुणस्तर अनुगमन तथा नियमनको लागि संयन्त्रको परिकल्पना त गरेको छ यसको बारेमा थप स्पष्टता आवश्यक छ । गुणस्तर मापदण्ड बनाउने र सो मापदण्ड कार्यन्वयन, अनुगमन, नियमन र मुल्याङ्कन गर्ने संयन्त्र बनाई गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने सन्दर्भमा नेपाल सरकारले विशेष चासो दिनु आवश्यक छ ।

### ३. सहज र सुलभ स्वास्थ्य सेवाको सवालः

संविधान र ऐनले जे जस्तो परिकल्पना गरेको छ त्यस अनुरूप राज्यको कोषले मात्रै जनस्वास्थ्यका अहिलेका चुनौति सामना गर्न सक्दैन । नेपाल अहिले पनि उपचारको लागि नागरिकले आफ्नो खल्तिबाट अत्यधिक खर्च गर्नुपर्ने मुलुकमा पर्छ । उपचारको खर्चले गर्दा गरिव झन-झन गरिव हुने अवस्था छ । महङ्गो उपचारको भारिबाट जोगाउने दायित्व पनि राज्यको हो । सहज र सुलभ रूपमा गुणस्तरीय सेवाको सुनिश्चितताको लागि अहिलेको बजेटको दायरा कसरी फराकिलो बनाउने र र उपलब्ध स्रोतलाई कसरी  उच्चतम सदुपयोग गर्ने भन्ने चुनौति छ ।

वित्तिय व्यवस्थापनको लागि सरकारले विभिन्न उपायहरू खोज्नुपर्ने हुन्छ । अहिले निःशुल्क प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवा राज्यको कोषबाट तिर्ने, त्यो भन्दा माथिका स्वास्थ्य सेवालाई विमामार्फत सम्वोधन गर्ने र नसक्नेका लागि सरकारले व्यवस्था गर्नेगरि स्वास्थ्य विमालाई प्रभावकारी बनाउन सकिन्छ । त्यस्तै साझेदारीको उपाय अबलम्बन गर्न सकिन्छ । विद्यमान स्वास्थ्य प्रणालीबाट मात्रै यो प्रभावकारी बन्न सक्दैन । यसको कार्यन्वयनको लागि नेपाल सरकारले विस्तृत कार्ययोजना निर्माण गरि विद्यमान स्वास्थ्य प्रणालीलाई चुस्त र व्यवस्थित गराउन आवश्यक छ ।

### ४. सरकारको भूमिकाको सवालः

संविधान र ऐन अनुसार गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने दायित्व सरकारको हो । यद्यपि सरकारले आफुलाई नीति निर्माण तथा कार्यन्वयन गर्ने गरि गुणस्तरीय सेवा सुनिश्चित गर्ने निकायको रूपमा राख्ने वा सेवा प्रदान गर्ने निकायको रूपमा भन्ने वारेमा अझै प्रष्टता देखिदैन । स्वास्थ्य सेवा कसले दिने, संघीय सरकारको भूमिका के हुने, सेवाको गुणस्तरीयताको नियमन कसले गर्ने, सरकार सेवा प्रदायकको रूपमा रहने वा सेवा सुनिश्चित गर्ने निकायको रूपमा रहने ? भन्ने स्पष्ट हुनु आवश्यक देखिन्छ ।

### ५. औषधि, उपकरण, पुर्वाधार र जनशक्तिको व्यवस्थापनको सवालः

औषधि, उपकरण, मानवीय स्रोत र पुर्वाधार व्यवस्थापनको सन्दर्भमा जनस्वास्थ्य ऐनले केही मात्र बोलेको छ । आवश्यक औषधीको उपलब्धता, खरिद र आपूर्ति प्रणाली (procurement and supply chain), जनशक्तिको व्यवस्थापन, पुर्वाधार निर्माण र उपयोग लगायतका विषयमा एकीकृत ढङ्गले योजना निर्माण गरि कार्यन्वयन नगर्दा सम्म जनस्वास्थ्य ऐनमा उल्लेखित

विषयहरू कार्यन्वयन गर्न जटिल देखिन्छ । औषधि, उपकरण र जनशक्तिको अभाव, खरिद प्रकृयामा ढिलाई सधैको समस्या नै छ । अर्कोतर्फ संविधान र जनस्वास्थ्य ऐनले निःशुल्क आधारभूत सेवाको व्यवस्थापन स्थानीय सरकारलाई जिम्मा दिएको छ । स्रोत साधन, प्राविधिक जनशक्ति र संरचनागत क्षमताको अभावमा सेवा प्रवाह हुन सक्दैन । प्राविधिक मानव संशआधन र स्रोत साधनको अभावमा थुप्रै नियमित काम समेत हुन सकेका छैनन । औषधि खरिद र आपुर्तिको प्रणाली चुस्त बनाउन स्थानीय सरकार सवल बनाउनुपर्ने छ । यस अवस्थामा संघीय मन्त्रालयले आवश्यक जनशक्ति र पुर्वाधारको प्रक्षेपण तथा गुणस्तरीय जनशक्तिको उत्पादन र परिचालनको एकीकृत अवधारणा (producing/hiring quality HR, deployment and retention) विकास गरि सो अनुरूपको संरचना बनाउनुपर्ने देखिन्छ ।

### ६. समन्वय र साझेदारीः

पुरानो संरचना नरहेको र स्वास्थ्य सेवा प्रवाहको लागि नयाँ संरचना नबनिसकेको संक्रमणकालीन अवस्थामा स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न विभिन्न तहमा समन्वय र सहजिकण आवश्यक छ । संघ, प्रदेश र स्थानीय सरकार वीचको समन्वयसँगै कतिपय विषयहरूमा अन्य सरकारी निकायहरूसँगको पनि समन्वय आवश्यक छ । स्वास्थ्य एक बहुआयामिक विषय भएकै कारणले यसका सामाजिक निर्धारकहरू विशेष नीति निर्माण गर्दा स्वास्थ्यमा पर्ने प्रभावहरूलाई विचार गर्न सकिएन भने स्वास्थय कर्मी, स्वास्थ्य संस्था र औषधि उपकरणमा गरेको लगानीले मात्र स्वस्थ समाज निर्माण हुन सक्दैन । आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि निजी तथा गैरसरकारी संस्थासँग साझेदारी गर्न सक्ने बाटो ऐनले खोलेको छ । तर त्यसको मापदण्ड र विधि बनाउनुपर्ने हुन्छ । तत्कालको लागि साझेदारी नै सेवा सुनिश्चित गर्ने उत्तम बिकल्प हुनसक्छ । यस सँगै अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूलाई कुन कुन क्षेत्रमा लगानी गर्ने भन्नेमा ऐनले बाटो खोलेको छ । यसतर्फ आवश्यक ध्यान दिनपर्ने देखिन्छ । ऐनले राष्ट्रिय जनस्वास्थ्य समन्वय समितिको परिकल्पना गरेको छ। त्यसको प्रभावकारिता जरूरी छ ।

### ७. संघीयता अनुरूप संरचना निर्माण र व्यवस्थापनको सवालः

संघीय संरचना अनुरूप स्वास्थ्य क्षेत्रको संरचना निर्माण भइसकेको छैन । संरचना कस्तो हुने, जनशक्ति कति रहेन, सेवा प्रवाहको सुनिश्चितता कसरी गर्ने भन्ने अन्योलतासँगै सेवा प्रवाह समेत प्रभावित हुन थालेको छ । संक्रमणकालीन सेवा व्यवस्थापन र जनस्वास्थ्य ऐनले सुनिश्चित गरे अनुरूप स्वास्थ्य सेवा प्रवाहको लागि सोहि अनुरूपको संरचना निर्माण गर्नुपर्ने हुन्छ । ऐनले आधारभूत सेवाको व्यवस्थापन स्थानीय सरकारले, विशेषज्ञ सेवाको व्यवस्थापन प्रदेशले र नीति मापदण्ड निर्धारण संघीय सरकारले बनाउने, इजाजत, अनुगमन नियमन लगायतका कुराहरू समेत तीनवटै सरकारको दायित्वमा छ । थुप्रै विषयहरू संघले टुङ्गाउनु पर्नेछ, थुप्रै व्यवस्थापन प्रदेश र स्थानीय सरकारले गर्नुपर्ने छ। धेरै गाँउपालिका र नगरपालिकामा जनशक्तिको अभावमा काम हुन सकेको छैन भने स्वास्थ्य संरचना नबन्दा नियमित सेवा समेत प्रभावित भएको अबस्था छ। स्वास्थ्य जस्तो संवेदनशील सेवा प्रवाहमा कुनै समस्या आउन नदिन संघीय सरकारकले समयमा नै यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २.४. जनस्वास्थ्य ऐन कार्यन्वयनका लागि अत्यावश्यक नियम, कानूनको निर्माणः

जनस्वास्थ्य ऐन कार्यन्वयनका लागि थुप्रै मापदण्ड, नियम, निर्देशिकाहरू बनाउनु आवश्यक छ । ऐनको दफा ६३ ले नियम बनाउन सक्ने व्यवस्था गरेको छ भने दफा ६४ ले ऐन र नियमको अधिनमा रही आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सकिने व्यवस्था गरेको छ । थुप्रै दफाहरूमा तोकिए बमोजिम गर्ने भनिएको छ । नियमावली नबन्दासम्म ती विषयहरू कार्यन्वयनमा आउन सक्दैनन । कतीपय महत्वपूर्ण विषयमा संघीय सरकारले आवश्यक मापदण्ड बनाएपछि मात्रै प्रदेश र स्थानीय तहले धेरै कार्यन्वयन गर्न सक्छन । केही विषयहरूमा स्थानीय तह र प्रदेशले नियम र मापदण्ड बनाई कार्यन्वयन गर्न सक्ने अवस्था छ । थुप्रै विषयहरू छन् जुन सरकारहरू विच अन्तरसम्बन्धित मात्रै छैनन, ती विषयहरूमा समयमा नियम कानून र मापदण्ड नबन्दा स्वास्थ्य सेवा नै प्रभावित हुनसक्छ । ऐनमा झण्डै दुई दर्जन नियम, मापदण्ड र कार्यविधि बनाउने प्रावधानहरू छन् । यस्ता मापदण्ड र कार्यविधि कतिपय स्वास्थ्य मन्त्रालयले आफैं बनाउने छ भने कतिपय अन्य मन्त्रालयसँगको समन्वय र सहकार्यमा ।

### जनस्वास्थ्य सेवा ऐन अनुसार बनाउनु पर्ने केही नियम, मापदण्ड, विधि र संयन्त्रहरूः

| क्र.सं. | विषय |
|---|---|
| १ | जनस्वास्थ्य सेवा नियमावली |
| २ | आधारभूत स्वास्थ्य सेवाको प्याकेज र सेवा प्रवाह गर्ने प्रकृया |
| ३ | आकस्मिक स्वास्थ्य सेवा र सो को व्यवस्थापन संयन्त्र |
| ४ | विशेषज्ञ सेवा सम्बन्धि मापदण्ड र संरचना |
| ५ | प्रेषण सम्बन्धि विधि र प्रक्रिया |
| ६ | स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धि मापदण्ड र प्रकृया |
| ७ | स्वास्थ्य संस्था र सेवा सम्बन्धि न्युनतम मापदण्ड, इजाजत तथा नियमन सम्बन्धि व्यवस्था |
| ८ | साझेदारी सम्बन्धि विधि र प्रकृया |
| ९ | विद्यालय स्वास्थ्य सेवा सम्वन्धि मापदण्ड र प्रकृया |
| १० | स्वास्थ्य सेवाको गुणस्तर, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड र नियमन संयन्त्रको स्थापना |
| ११ | मानव स्रोत विकास, उपयोग र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड |
| १२ | जनशक्ति, प्रविधि, पूर्वाधार र उपकरणको प्रक्षपेण र व्यवस्थापन योजना |

| | |
|---|---|
| १३ | जनस्वास्थ्य कोष संचालन सम्बन्धि व्यवस्था |
| १४ | औषधिको मूल्य निर्धारण सम्बन्धि व्यवस्था |
| १५ | आकष्मिक स्वास्थ्य उपचार कोष सम्बन्धि व्यवस्था |
| १६ | रक्तसंचार, एम्बुलेन्स र शववहान सेवा सम्बन्धि व्यवस्था |
| १७ | उपभोग्य वस्तुको गुणस्तर सम्बन्धि मापदण्ड |
| १८ | ध्वनि, वायू,जल तथा दृष्य प्रदूषण सम्बन्धि मापदण्ड |
| १९ | सरसफाई तथा फोहोर मैला व्यवस्थापन सम्बन्धि मापदण्ड |
| २० | जनस्वास्थ्य मैत्री आवास, सार्वजनिक यातायात र सडक पुर्वाधार तथा सुरक्षा सम्बन्धि मापदण्ड |
| २१ | उद्योग व्यवसाय तथा आयोजना निर्माणमा जनस्वास्थ्य प्रभाव मुल्याङ्कन विधि र मापदण्ड |
| २२ | जनस्वास्थ्यमैत्री शहरीकरण सम्वन्धि व्यवस्था |
| २३ | लक्षित समुहको लागि दिइने स्वास्थ्य सेवा सुविधा सम्बन्धि व्यवस्था |
| २४ | आपतकालीन स्वास्थ्य सेवा योजना निर्माण र व्यवस्थापन |
| २५ | राष्ट्रिय जनस्वास्थ्य समिति गठन र कार्यविधि |

## ३. निष्कर्ष र सुझावः

विगतका दशकमा नेपालले स्वास्थ्य क्षेत्रमा थुप्रै महत्वपूर्ण उपलब्धि हासिल गरे पनि स्वास्थ्य सेवा प्रवाह र गुणस्तरीय सेवाको सहज पहुंचको सन्दर्भमा थुप्रै चुनौतिहरू सामना गरिरहनु परेको छ । यस अवस्थामा संघीय संरचनामा प्रवेश गरेको नेपालले स्वास्थ्य क्षेत्रका ती उपलब्धीलाई जोगाउदै र विद्यमान चुनौतिको सामाना गर्दै सीमित स्रोत साधनको भरमा संविधानले मार्गनिर्देश गरे बमोजिम जनतालाई गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चिता कसरी गर्ने भन्ने अहिलेको मुख्य प्रश्न हो ।

संविधानले सुनिश्चित गरेका स्वास्थ्यका आधारभूत विषय र प्राथमिकता एकातर्फ छन भने अर्कोतर्फ नौला जनस्वास्थ्यका समस्या र रोगहरूको बदलिँदो भार, नसर्ने रोगहरूको वृद्धि,वातावरणीय परिवर्तनले निम्त्याएका समस्या,नयाँ-नयाँ महामारीको खतराले जनस्वास्थ्यलाई चुनौति दिइरहेका छन । यी विषयलाई समेट्दै नेपालको स्वास्थ्य क्षेत्रलाई नयाँ आयाम दिने ढोका जनस्वास्थ्य सेवा ऐनले खोलेको छ । ऐनले थुप्रै विषयहरू समेट्ने प्रयास गरेको छ तर अझै केही विषय छुटेका र संवोधन गर्न आवश्यक छन । तर ऐनमा लेखिएको विषय कार्यन्वयन हुनु महत्त्वपूर्ण पक्ष हो । ऐन कार्यन्वयनमा जती भूमिका सरकारको छ त्यति नै गैर सरकारी क्षेत्र र आम जनताको पनि छ । स्वास्थ्य प्रति सचेत नागरिक भयो भने मात्रै जनस्वास्थ्यको प्रवर्द्धन हुन सक्छ ।

संविधानले प्रत्याभूत गरेको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचका लागि सरकारले मानविय स्रोत र पुर्वाधारको व्यवस्थापन, वित्तीय व्यवस्थापन र वहुक्षेत्र समन्वय सँगै जनस्वास्थ्य सेवा ऐन कार्यन्वयनका लागि अविलम्ब आवश्यक नीतिगत, कानूनी र संरचनागत तथा व्यवस्थापकीय प्रबन्ध गर्न प्राथमिकता दिनु आवश्यक छ ।

### सुझावहरू:

- जनस्वास्थ्य ऐन कार्यन्वयनका लागि संघीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ । अनुभव र स्रोतसाधन सम्पन्न संघीय सरकारले नयाँ स्थापना भएका प्रदेश र स्थानीय सरकारहरूलाई स्वास्थ्य सम्बन्धी नीति निर्माण क्षमता, नियमन क्षमता र सेवा-व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने भूमिका अंगाल्नु स्वास्थ्य सेवाको निरन्तरता र गुणस्तरीयताको लागि अत्यावश्यक छ । हिजोसम्म स्थानीय कार्यालयलाई निर्देशन दिंदै र अनुगमन गर्दै आएका केन्द्रिय निकायको रूपान्तरण गरी प्रदेश तथा स्थानीय सरकारको परामर्शदाता, सबलकर्ता र सहजकर्ता (from enforcer to enabler) बन्न सकेमात्र संविधान र जनस्वास्थ्य ऐनको सफल कार्यान्वयन सम्भव छ ।
- संघीय सरकारले समयमा नियमावली र मापदण्ड बनाउन सकेमात्र ऐनमा उल्लेखित विषयहरू प्रदेश र स्थानीय सरकारले कार्यन्वयन गर्न सहज हुन्छ । त्यसैले अविलम्व अत्यावश्यक जनस्वास्थ्य सेवा नियमवाली र मापदण्डहरू निर्माण गर्नुपर्दछ ।
- संविधान र संघीय संरचना अनुरूप स्वास्थ्य क्षेत्रको संघीयकरण गर्न थुप्रै विद्यमान ऐन कानून, नियम, नीति, रणनीति, मापदण्ड र निर्देशिकाहरू संशोधन परिमार्जन गर्नुपर्ने आवश्यकता छ त्यस्तै संरचना पनि सोहि अनुरूप बनाउनुपर्नेछ । नीति र संरचना बनाउने तर्फ संघीय स्वास्थ्य मन्त्रालयको ध्यान जानुपर्ने आवश्यकता छ ।
- जनस्वास्थ्य ऐनले व्यापक विषयवस्तुलाई समेटेको छ । स्वास्थ्य संस्थाले इजाजत लिने लगायतका कतीपय प्रावधानमा निश्चित समयभित्र टुङ्ग्याउने गरि आवश्यक प्रकृया अगाडि वढाउने जिम्मेवारी संघीय स्वास्थ्य मन्त्रालयको छ । इजाजत सम्बन्धी न्यूनतम मापदण्ड बनाउने काम पनि मन्त्रालयको हो । त्यस्ता पक्ष कार्यन्वयनको लागि मन्त्रालयले विस्तृत कार्ययोजना बनाइ तत्काल कार्यन्वयनमा जानु आवश्यक छ ।
- जनस्वास्थ्य ऐनमा उल्लेखित सेवा प्रवाह र गुणस्तरीयताको लागि पर्याप्त स्रोत र मानव संसाधनको आवश्यकता देखिन्छ । हाल स्वास्थ्य क्षेत्रमा छुट्टयाइएको राष्ट्रिय बजेट नै विद्यमान सेवा र संरचनाको लागि समेत अप्रयाप्त रहेको छ । पछिल्ला वर्षहरूमा पनि स्वास्थ्य क्षेत्रको बजेट कूल राष्ट्रिय बजेटको अनुपातमा तात्विक बृद्धि भएको देखिदैन । जवकि विश्व स्वास्थ्य संगठनले सरकारकहरूले आफ्नो बजेटको न्युनतम १० प्रतीशत बनाउनुपर्ने भन्ने प्रस्ताव गर्दै आएको छ । जनस्वास्थ्य ऐनले सुनिश्चित गरेका प्रावधानहरू कार्यन्वयनका लागि व्यापक रूपमा स्रोत व्यवस्थापन गर्नु पर्दछ ।
- सरकार सेवा प्रदायक हुने वा सेवा ग्यारेन्टर हुने, सेवा दिने वा गुणस्तरीय सेवाको लागि नियमन गर्ने भन्नेमा सरकार अलमल देखिन्छ । नियमन, सेवा प्रवाह र वित्तीय व्यवस्थापन एकै निकायबाट हुने प्रवृत्ति अन्त्य गर्न ऐन चुकेको छ । संघीय स्वास्थ्य मन्त्रालयको अबको भूमिका नियमनमा केन्द्रित हुनुपर्ने संविधानको परिकल्पना देखिन्छ । यसको लागि संघीय सरकारले एकातर्फ आफ्नो नियमनकारी निकायहरूको क्षमता अभिवृद्धि गर्दै अर्कोतर्फ सेवाप्रवाहमा अन्य तहका सरकारका साथै निजी क्षेत्रलाई सबलीकरण गर्नु आवश्यक छ । सरकारको काम गुणस्तरीय र सुलभ सेवा सुनिश्चित

गर्ने हो । तर अहिले पनि स्वास्थ्यमा ८५ प्रतिशत सेवामा छुट्टिने गरेको छ भने अत्यन्त न्युन बजेट अनुगमन नियमनमा । नियमनकारी संयन्त्र र मापदण्ड मजबुद नहुँदासम्म गुणस्तरीय सेवाको प्रत्याभुती हुन सक्दैन । त्यसैले सरकारले गुणस्तरीय सेवा सुनिश्चितताको लागि नियमनकारी संयन्त्र बलियो बनाउनुपर्छ ।

- संविधानले प्रदेश र स्थानीय तहको दायित्व अन्तर्गत राखेका थुप्रै अधिकारहरू छन । जनस्वास्थ्य ऐनले समेत कतीपय विषयमा स्थानीय सरकारको कानून र मापदण्ड अनुसार हुने किटान गरेको छ । त्यस्ता विषय कार्यन्वयन र अत्यावश्यक सेवा प्रवाहका लागि प्रदेश र स्थानीय तहले स्वास्थ्य सेवा व्यवस्थापनका लागि स्वास्थ्यसँग सम्बन्धित आफ्नो कानून, नियम, मापदण्ड र नीति योजनाहरू अबिलम्ब बनाउनु आवश्यक छ ।
- संविधानले आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने र ऐन कार्यन्वयन तथा गुणस्तर नियमन गर्ने लगायतको जिम्मेवारी समेत स्थानीय तहमा दिएको अवस्थामा सो को व्यवस्थापन र प्रभावकारिताका लागि स्थानीय तहमा स्रोत र क्षमता अभिवृद्धि गर्नुपर्दछ । क्षमता अभिबृद्धि र समन्वय गर्नुको साटो पुरानो संरचना यथावत राखेर व्यवस्थापन गर्न खोज्दा संविधानको मर्म विपरित हुन्छ ।
- जनस्वास्थ्य ऐनले बहुक्षेत्र समन्वय र साझेदारी स्वास्थ्य सेवाको परिकल्पना गरेको छ । आधारभूत स्वास्थ्य सेवा लगयातका स्वास्थ्य सेवा प्रवाह गर्ने लगायतका थुप्रै क्षेत्रमा साझेदारीमा सेवा प्रवाह गर्न सकिन्छ । स्वास्थ्य वाहेक अन्य क्षेत्रसँगको समन्वय, तीन तहको सरकारविचको समन्वय प्रभावकारी बनाउन विशेष संयन्त्र बनाउनु पर्दछ ।
- स्रोत, साधन र जनशक्ति, गुणस्तर लगायत कतीपय प्रावधानहरू अन्य विद्यामान कानूनसँग बाझिएका छन जसले कार्यन्वयनमा अलमल सिर्जना गरेको देखिन्छ । यसतर्फ ध्यान दिनु जरूरी छ ।
- तीन तहको सरकारको भूमिकामा स्पष्ट रेखा कोर्ने र स्वास्थ्य हेर्ने निकायबीच अन्तरतह समन्वय गर्ने प्रणाली विकास गर्न ऐन चुकेको छ । बहुक्षेत्र समन्वय, नीतिगत एकरूपता, तीन तहको सरकारको समन्वय र अन्य नीतिगत र संरचनागत स्पष्टताका लागि राष्ट्रिय जनस्वास्थ्य समितिलाई प्रभावकारी बनाउनु पर्दछ ।
- स्वास्थ्य क्षेत्र सवैभन्दा संवेदनशील क्षेत्र हो । संघीय संरचना अनुसार नीतिगत र संरचनागत व्यवस्थापन भइनसकेको संक्रमणकालीन अवस्थाको व्यवस्थापनको लागि सरकारले विशेष ध्यान दिनु आवश्यक छ । निःशुल्क वितरण गरिने औषधि खरिद प्रकृया, खोप व्यवस्थापन, स्वास्थ्य संस्था संचालन र व्यवस्थापन नियमन, निजी क्षेत्रबाट उपलब्ध सेवाको नियमन, महामारी विपद व्यवस्थापन, समन्वय गर्ने संयन्त्र, प्राविधिक तथा नीतिगत क्षमता र जनशक्तिको प्रबन्ध लगायतका विषयमा समयमै ध्यान नदिनेहो भने विद्यमान चुनौतिको सामना गर्न त कठिन हुन्छ नै जनस्वास्थ्यका क्षेत्रमा नेपालले विगतमा प्राप्त गरेका उपलब्धि त गुम्ने खतरा हुन्छ । यसतर्फ ध्यान दिनु जरूरी छ ।
- संसदको शिक्षा तथा स्वास्थ्य समितिले वार्षिक नीति तथा कार्यक्रम अनुसार सरकारका काम कारवाही भए नभएको, कानून अनुसार आवश्यक नियम, मापदण्ड लगायतका आवश्यक प्रबन्ध भए नभएका सन्दर्भमा जानकारी लिने, संसदीय समितिमा छलफल गर्ने र सरकारका कामलाई व्यवस्थित र जनताप्रती जवाफदेही बनाउन विभिन्न विषयमा आवश्यक निर्णय गरि निर्देशन र सुझाव दिन सक्छ । समयमा सरकारले जनस्वास्थ्य ऐन अनुसार आवश्यक नियम, मापदण्ड नबनाएमा वा ऐन कार्यन्वयनमा तरारूकता नदेखाएमा संसदीय समितिले निरन्तर झकझकाउन आवश्यक छ ।

- भर्खर संघीयकरणमा प्रवेश गरेको नेपालमा सो अनुरूप स्वास्थ्य सेवा र संरचना निर्माण गर्न राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूले संविधान र ऐनले मार्गनिर्देश गरे अनुरूप जनस्वास्थ्यका प्राथमिकताका क्षेत्रमा सहयोग र साझेदारी गर्नु आवश्यक छ ।
- ऐन र संविधानले गरेका वाचाहरू पुरा हुनको लागि स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन प्रमुखमध्येको चुनौति हो । त्यसमा संघीय सरकारले अन्य तहको समेत सहकार्यमा मध्यकालीन र दीर्घकालिन योजना बनाई लागु गर्नु आवश्यक छ । जनस्वास्थ्य सेवा ऐन कार्यन्वयन र संघीयतामा स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताको लागि तीनै तहका सरकारहरूले आ-आफ्नो नीति, विस्तृत कार्ययोजना र कार्यसम्पादन सुचक निर्माण गर्न आवश्यक छ ।

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार कार्यविस्तृतीकरण प्रतिवेदन, २०७४
- एकीकृत स्वास्थ्य पुर्वाधार विकास मापदण्ड, २०७४
- राष्ट्रिय स्वास्थ्य नीति, २०७१
- संविधानसभा मौलिक हक समितिको प्रतिवेदन, २०६६



स्थानीय सरकार सबलीकरण

Australian Aid

The Asia Foundation

The Australian Governement - The Asia Foundation Partnership in Nepal

PUBLIC POLICY PATHSHALA

Dillibazar, Behind Batuleghar, Kathmandu

Tel.:01-410441683

www.policypathshala.org.np